3/22/2021 suchana-98605.jpg (559×768)

प्रदेश सरकार
प्रदेश नं. ५
# सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

पत्र संख्या : ०७५/७६
चलानी नं.:

## उत्कृष्ट खेलाडी प्रोत्साहनका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना
## प्रथम पटक प्रकाशित मिति : २०७६।०३।०१

प्रस्तुत विषयमा यस मन्त्रालयको आर्थिक वर्ष २०७५।०७६ को युवा तथा खेलकूद क्षेत्रको स्वीकृत कार्यक्रम **"प्रदेश भित्रका उत्कृष्ट खेलाडीहरु प्रोत्साहन"** बाट खेलकूदको क्षेत्रमा यस प्रदेशबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागि भै उत्कृष्टता प्रर्दशन गरी पदक तथा प्रमाणपत्र हासिल गर्न सफल भएका खेलाडीहरुले तपशिलका कागजातहरु सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस मन्त्रालयको युवा तथा खेलकूद महाशाखा वा यस मन्त्रालयको इमेल mosdfive@gmail.com मा निवेदन पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीका लागि निर्देशानुसार यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

क। नेपाली नागरिकताको प्रमाणपत्र वा अन्य प्रदेशबाट बसाइसराइ गरी यस प्रदेशमा आएको भएमा बसाइसराइको प्रमाणपत्र र स्थानीय तहमा हालसम्म स्थायी रुपमा बसोबास गर्दै आएको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।

ख। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आयोजित प्रतियोगितामा उत्कृष्टता हासिल गरी प्राप्त पदकको फोटो र प्रमाणपत्रको आफैले प्रमाणित गरेको प्रतिलिपीहरु ।

...............
नगम के.सी।
शाखा अधिकृत ।अधिकृतस्तर आठौं।

Web: www.mosd.p5.gov.np, Email: info.mosd@p5.gov.np, mosdfive@gmail.com, Phone No. 071-550038, 550650

https://103.69.125.73/sites/mosd/files/2019-08/suchana-98605.jpg 1/1